सोई ढोले सोई
अर्को ढोले खोई
Page 19 »



World Cup 2006
Page 22 »

राजधानीमा
माओवादीको
Page 10 »



Nepali A... z
June ... Jestha 24.6
Vol.1 Issue 15
nepaliaawaz.com
FREE

# नेपाली आवाज



Photo: Anushil Shrestha

## नेपाली जनताका आशा अल्झिएका छन्, सात दल र विद्रोही माओवादीमा, तर दल र माओवादीभित्र पुरानै समस्या बल्झिएका छन् ।

Continued on Page 8 »

### Entertainment

#### निनी यो कुनै कथा होइन



16 »

### Nation

युद्धविरामपछि वन्द भएको उपत्यकाको प्रवेश नाका र मुख्य शहरी इलाकाहरुमा फेरी सेनाले चेकजाँच र गस्ति शुरु गरेको छ भने प्रहरीले सक्रियता बढाउदै शंकास्पद व्यक्तिहरुलाई नियन्त्रणमा लिन थालेको छ। उपत्यकामा सशस्त्र र नेपाल प्रहरी गरेर १७ हजार प्रहरीले उपत्यकाको सुरक्षा हेर्ने भएपनि हाल सशस्त्र प्रहरीको ठाउमा सेनालाई ल्याइएको छ ।

9 »

### Society

#### कतार: नबुझि आउनेलाई दु:ख



17 »

### ANA Convention 2006

This year's ANA convention holds the promise of being the grandest of them all. But it is certainly not the first to be organized by Nepali New Yorkers. In fact, the first Association of Nepalis in the Americas (ANA) convention was held between 2-4 July, 1983, at the Methodist Church in Corning, New York. A total of 104 people, both Nepalis and friends of Nepal, came from as far as California and Canada.

7 »



Do you need a venue in Queens? Look no further than Nepali Mandir!

**We offer:**

** Large hall to seat approx.150 people (approx. 200 people without seating)*

** Spacious kitchen.*

** Seperate restrooms for ladies and gents.*

** Tables and chairs for various functions and ample lighting.*

**Tel: 718. 429.0313 or 271.3066**

**2nd Floor, 34-11, 62 St. 34 Ave, Woodside NY 11377** (only minutes away from Jackson Heights!)

*www.nepalimandir.org*



# Days in Nepali History

**1 June 2001**
Crown Prince Dipendra, 29, allegedly shoots and kills his father King Birendra, 55, and mother Queen Aishwarya, 51, his younger brother Prince Nirajan, 22, and sister Princess Shruti, 24 along with several other members of the royal family during a regular family gathering. The Crown Prince is reported to have been " heavily intoxicated" at the time of the incident.
*[Ed: The news was first broken to public on Nepalnews.com by journalists from Himalmedia, and pulled off from the online news portal temporarily. Around 3AM, BBC reported the massacre on its world service, followed by CNN and many other international news agencies. State television and radio reported "an accident" in the palace on the morning of 2 June. ]*

**2 June 2001**
Crown Prince Dipendra is declared Nepal's King while he was still in a coma after sustaining injuries during the palace shoot out, reportedly by shooting himself after killing his fatal rampage.

**4 June 2001**
Prince Gyanendra, late King Birendra's brother, is crowned Nepal's King after Dipendra dies in his coma.

**2 June 2004**
At 11AM, Nepal television announced Sher Bahadur Deuba had been named as the new prime minister of Nepal, a decision made public after his meeting with King Gyanendra earlier in that morning.

**2 June 2005**
Sher Bahadur Deuba remains in custody on corruption charges filed against him by the Royal Commission on Corruption Control setup by the King Gyanendra's government after his 1 Feb 2005 coup.

**6 June 2005:**
Former Prime Minister Girija Prasad Koirala goes to Delhi for a health check up and meets with various Indian leaders, exiled Nepali leaders of the agitating parties and non-resident Nepalis. He is scheduled to meet on the trip Sonia Gandhi, Indian Prime Minister Manmohan Singh and former prime ministers Chandra Shekhar and Atal Bihari Vajpayee, Indian Defense Minister Pranab Mukherjee amongst others.
[Ed: On Tuesday, 6 June, Prime Minister Girija Prasad Koirala arrived in Delhi and was welcomed at the airport by his Indian counterpart, a first in the two country's diplomatic history. He is leading a 41-member delegation to India for a goodwill tour, the first after his appointment after Parliament was restored in April this year. The four day visit is expected to deal with many Indo-Nepal issues and is said to carry a strong "economic agenda."]

**7 June 1969**
BBC Nepali Service started its broadcast from the Bush House, London.

**Diplomatic ties established by Nepal in June**
13 June, 1947: India
1 June, 1960: Israel
10 June, 1960: Sweden
3 June, 1975: Kenya
17 June, 1985: Gabon
12 June, 1986: Fiji
22 June, 1994: Guyana

# June.2006

**Content**


| | | | |
|---|---|---|---|
| Diaspora | 4 | Entertainment News | 13 |
| Green Card Advisory for Students | 8 | कतार: नबुझि आउनेलाई दु:खै, दु:ख | 17 |
| Nation | 9 | Blue Diamond Society | 18 |
| मेरो नेपाल | 10 | सोई ढोले सोई अर्को ढोले खोइ | 19 |
| राजधानीमा माओवादीको जन प्रर्दशनब | 10 | सीएनएसएफ कपको उपाधी | 21 |
| Interview with Nepathya | 12 | The World Cup 2006 | 22 |


# In Quotes

" It doesn't matter to us whether it's a boy or a girl. We are just too happy and anxious about the baby's arrival."
- **Sugam Pokharel**, *27 year old pop sensation, on the child his wife Liza and him are expecting born in July, while talking to the pop culture portal Cybersansar.com*

" I am very hopeful about the visit."
- *Prime Minister* **Girija Prasad Koirala**, *talking to journalists at the Tribhuwan International Airport about his 4-day goodwill trip to India.*

" I pray that the Maoists see their future as a democratic activist political party that is working through democratic means to speak out for the poor and for the people who have found themselves voiceless in Nepal before. It would be good for Nepal if they become a strong leftist political party. We need that voice, we don't need an insurgency, we don't need violence. "
- **Lucie Edwards**, *Canadian Ambassador to Nepal , in a recent interview published by the weekly Nepali Times.*

" An army can easily be managed if a political solution is reached.... The RNA has been converted into the Nepali Army only in words not in practice. There are still aristocrats, feudalistic thoughts and opinions existing within the RNA, which cannot be changed overnight by one decision. "
- **Krishna Bahadur Mahara**, *who is leading the Maoist negotiation team in Kathmandu, while discussing in an interview with Kantipur about how the Maoist militia will be managed before Constituent Assembly elections and responding to the conversion of the Royal Nepal Army to Nepali Army by the Parliament.*

" A song has been an inseparable part of Nepal's social movement for the past 4 decades. Our elders sang this to motivate people to rise for their rights. We have been singing this song for the past 4 years. Today I would like to remember all the freedom fighter of Nepal while I sing this song to you."
- **Amrit Gurung**, *folk-rock singer of the band Nepathya, before singing the song 'Gaun Gaun Bata Utha' [Rise from every village] at the World Village Festival in Helsinki, Finland. An interview with the front man and the band manager is published in this issue of Nepali Aawaz on page 13.*

" The Secretary-General is deeply saddened at the death of a Nepalese peacekeeper, and the wounding of three other Nepalese peacekeepers, serving with the United Nations Organization Mission in the Democratic Republic of the Congo (MONUC), on 28 May in the area of Tsupu in the Ituri district. The Secretary-General strongly condemns this attack, and the capture of seven Nepalese peacekeepers by armed groups, and calls for their immediate release. It should be underscored that those responsible for these acts should be held accountable. The Secretary-General wishes to express heartfelt condolences to the Government of Nepal and the bereaved family."
- *A press statement issued by the UN on 31 May 06.*

" I strongly feel that the Dasdhunga incident and the Narayanhiti massacre have to be seriously investigated by the reinstated House. We cannot afford conspiracies of such magnitude to go unpunished in history. "
- **Bidhya Bhandari**, *a CPN-UML parliamentarian in the reinstated House of Representatives (HoR) and wife of former UML general secretary Madan Bhandari who was killed in the mysterious jeep accident at Dasdhunga on May 16, 1993, in an interview with Kantipur publication.*

**New York Bureau** Editor: Kashish Das Shrestha; Correspondents and/ or Regional Representatives; Bhaskar Rai (MN), Eta Shrestha (MN) Neeha Shrestha (NC), Piush (MN), Sahara Shrestha (NYC), Sakar Bhushal (TX), Santosh Basnet (CA), Shiva Bista (MD); **Nepal Bureau** Nepali Desk Editor: Dr. Pradeep Bhattarai; Senior Correspondent: Anushil Shrestha; Editorial Staff: Subel Bhandari (KTM); Photo Contributor: Anup Prakash (KTM), Bhushan Shilpakar (KTM); Marketing: Jaison Chalise (KTM), Krishna Raj Sharma Belbase (KTM); Distribution: Safal Media (Western Nepal), Birat Media (Eastern Nepal); **New York Corporate Office** Publisher & Distributor: Moonlight Records Corporation; Executive Director: Chandra Prakash Sharma; External Relations & Marketing Manager: Gambu Sherpa; **Contact Information** Phone: 718.271.3066 / www.nepaliaawaz.com; General Information: info@nepaliaawaz.com; Comments/Feedback: letters@nepaliaawaz.com; Advertising: market@nepaliaawaz.com; Event listing: events@paliaawaz.com; Nepali Aawaz, 51-01 39AV CC42, Long Island City, NY 11104. Nepali Aawaz: An International fortnightly is published by Moonlight Records Corporation, NY, USA. Nepali Aawaz and Moonlight Records Corporation are both registered trademarks.

Moonlight Records

# Diaspora

## Dance Theatre of Nepal nearing the big 10





The Nepali community in New York continues to grow rapidly, with groups and organizations for everything from human rights advocates to sports councils establishing themselves, many relatively new and only a few years into their existence at the most. But it was almost 10 years ago that The Dance Theatre of Nepal was founded in New York, in 1997, with Raj Kapoor as its dance and music director and Sherry Onna as the project advisor.

Dance Theatre of Nepal will be celebrating their 10th anniversary next year, and the arts organization has certainly come a long way. In 2001 they were officially registered as a non-proit organization dedicated to the production, teaching and preservation of traditional Nepali performing arts in the United States. While DTON themselves host many of their events, they have also found supporters and hosts or co-hosts such as the Asian American Arts Alliance and the Lower Manhattan Cultural Council, and many other organizations such as museums and universities.

Apart from shows, the DTON has also been working towards teaching the arts to students here in the US. This summer, they will be participating in Pace University's summer-arts program through July- August. More recently they have also started giving dance lessons to students at Nepali Mandir in Queens (31-11, 62 St.). And it wasn't too long ago that Anu Onta, Binita Poudyal and Raj Kapoor served as visiting artists for a course given at Pratt Institute called Drawing-Dancing-Culture. The course was developed by Professor Sherry Onna Handlin for art students at the college and focused on the integration of visual and kinesthetic energies in the art making process. Artists from different regions shared highlights of their own cultures through dance, music, video and informal discussions. While artists posed in regional dress or costume, students transformed their pages into very skillful and "spicy drawings." Sherry Onna herself also performed the classical Charya Nritya Manjushree dance at Stony Brook University's Charles B. Wang Center to coincide with the Maitreya Shrine Buddhist Relics exhibition there.

"We never know exactly what is up next. However we are planning a concert for winter, "Hamro-Tal - Shared Journeys." Sherry tells us. "The collaboration includes a shared evening with guest world artists who will highlight traditional cultural offerings from India,Tibet.,and The Middle East. Expanding our programming to include various world cultures generates new artistic energy and has a harmonizing effect on inter-cultural friendship and appreciation."

For more details on Dance Theatre of Nepal, please visit their website Dancetheaterofnepal.org

## Keepa's Art

On 22 April, Friends of Nepal- New Jersey helped organize and art exhibition for Keepa Maskey, a graduate of Fine arts from the Marymount Manhattan College. Her art, the organizers said, invoked a sense of "nostalgia" about Nepal.



"I have always been drawn towards creating forms to express concepts rather than just for the aesthetic value," Keepa said about her work. "Here we are in a part of the work where we all strive to achieve the most and the best. Back home many [women] live doing daily chores, fulfilling on major duty- which is to survive," she added, about her images of women that were on exhibit.

Keepa has also donated several of her creations to Global Women's Project, a non-profit organization that focuses on empowering disadvantaged women in countries around the world. From this exhibition, she contributed 10% of the proceeds to FON-NJ. She has previously held group exhibitions in New York city as well. She also thanked the FON-NJ for making it possible for her to hold the 22nd's exhibition.






# Diaspora


FREE CONSULTATION!



Attorney at Law

ईमिग्रेशन सम्बन्धि

- Immigration
- Bankruptcy
- Divorce
- Credit Card
- Closings
- and Others

- Late Evening and Weekend appointments available
- Reasonable Fees
- Watch our Law Program on ITV every Tuesday between 6.00 -7.00 pm
- We speak your language.

**Law Offices of N.M. GEHI, P.C.**

118-21 Queens Boulevard, Suite 441, Forest Hills, NY 11375

*For appointments, call*

**718-263-5999**

WWW.IMMIGRATIONBOSS.COM

FREE CONSULTATION!


## Kamala Prasai re-releases album





On 27 May, NJ Entertainment organized the Gajal Sumadhur Sanj at Satyanarayan Mandir in Woodside, Queens. During the event, the hostess Kamal Prasai also re-released her full-lenght music album 'Nain ka Anshu.'


## Funds for the injured

The Ridgewood Nepalese Society has contributed Rs.600,000 (approx. $8,450) to those injured during the April uprising for democracy in Nepal this year. The funds were handed over to the Janandolan Primary health Treatment Fund. "We hope to be able to continue supporting these humanitarian causes," a member of the Society told us. Similarly New York based groups Samudaya.org and Alliance for Democracy and Human Rights Nepal had also raised money for the treatment of those injured during the movement.


**Do you need to translate your Nepali documents into English?**
**$15/ A4 page.**
**Call us now at 718. 271. 3066**

# Diaspora

## न्युयोर्कमा राईहरुको चण्डीनाच पर्व भव्यताका साथ सम्पन्न



Members of the Kirant Rai Association celebrate traditional festivals in New York

नेपाल किरात राई एसोसिएसन अफ युएसए को आयोजनामा मे २१ , २००६ का दिन न्युयोर्कमा किरांत राई हरुको पर्व चण्डीनाच भव्य रुपमा सम्पन्न भयो । न्युयोर्कको क्वीन्स बोरो ब्रीज पार्क र ज्याक्सन हाइटमा गरि दुइ चरणमा गरिएको उक्त कार्यक्रममा विभिन्न वक्ताहरुले मन्तव्य शृभकामना आदान प्रदान प्रशंसा पत्र वितरण गर्नु भएको थियो। उक्त पर्वमा किरात राई हरु मात्र न भएर अन्य धेरै नेपालीहरुले पनि मनोरंजन लिएका थिए। कार्यक्रमका प्रमुख अतिथि ग्लोवल फेडरेसन अफइण्डिजिनियस पिप्लस अफनेपाल यूएसए का प्रेसिडेन्ट कर्मा ग्याल्जेन शेर्पाले नेपाल धर्म निरपेक्ष राष्ट्र भएकोमा खुशी व्यक्त गर्दै भन्नुभयो जनजातिहरुको हक अधिकारको लागि अरु संघर्ष आवश्यक भएको र नेपालमा पिछडिएका जनजातिको लागि दिनको एक कप चियाको पैसा कटाएर सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

नेपाल जनजाति महासंघका महासचिव ओम गुरङले अमेरिकामा भर्खरै गठित ग्लोवल फेडरेशनले नेपालका एक क्यान्सर विरामीलाइ गरेको आर्थिक सहयोग उल्लेखनीय रहेको चर्चा गर्नुहुदैं देशविदेशमा रहेका जनजातिहरुले समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको आधारमा प्रतिनिधिहरु चयन गरिनु पर्ने कुरामा दबाव दिनु पर्ने विचार व्यक्त गर्नुभयो। लाङघाली एसोसिएसनका महासचिव मोति राना मगरले नेपालका प्रत्येक जनजातिको राष्ट्यि पर्वले अमेरिकामा समग्र नेपालको प्रतिनिधित्व गरेको भन्दै राईहरको महान पर्वमा शुभकामना व्यक्त गर्नु भयो ।

उक्त कार्यक्रममा नेपाल किरात राई एसोसिएसन अफयूएसए की संस्थापक सदस्य सुजाता राई (क्यानाडा), डा प्रज्ञा राई, डा पेरे जोशी, डा तारा निरौला, डा पकंज राई, इन्जिनियर प्रभाकर राई, अधिवक्ता सुरेश चामलिङ , युवा गायक उत्तम राई, डा कष्ण कुमार राई,बिष्णु राई, पम्पा राई, बिन्दु राई, होमराज राई, कुषाङ राई, इन्जिनियर मिलन राई तथा तिब्रगतिका सगरमाथा आरोही बिश्वकीर्तिमान कायम काजी शेर्पा तथा पर्वतारोही किपा शेर्पा लगायतका अतिथिहरु सहभागी हुनुहुन्थ्यो।

यस पर्वको खुशियालीमा शुभकामना दिनेहरुमा गुरुङ एसोसिएसनका सभापति नारायण गुरुङ, लाङघाली एसोसिएसनका उपाध्यक्ष तथा ग्लोवल फेडरेशनका कोषाध्यक्ष नगेन्द्र राना, तामाङ सोसाइटी अफयुएसए का उपाध्यक्ष सूर्य तामाङ, किरांत चुमलुङ युएसए का अध्यक्ष श्याम लिम्बु, शेर्पा किदुकका अध्यक्ष लप्साङ शेर्पा, कयालिफोर्नियाका प्रतिनिधि सुरेश चामलिङ, म्यासाचुसेटस् का होमराज राई, क्यानाडाकी प्रतिनिधि सुजाता राई, बोष्टनका प्रतिनिधि डा के के राई तथा बिष्णु राईले हालको नेपालको जनजातिहरुको आन्दोलन बारे मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा राष्ट्संघीय प्रशान्त सागरीय स्थायी मंचका उपाध्यक्ष परशुराम तामाङ तथा राम तामाङ,लक्ष्मी राई, सिर्जना सुब्बा,पासाङ शेर्पा, एटर्नीदुर्गा भुर्तेलको सहभागीता रहेको थियो ।


कार्यक्रममा ग्लोवल फेडरेशनका सभापति कर्मा ग्याल्जेन शेर्पाले पुरस्कार तथा प्रमाण पत्र वितरण गर्नु भयो सहभागीहरु मध्ये क्यानाडियन नेशनल जुनियर च्याम्पियनशीप २००५ का स्वर्ण पदक विजेता तथा पान अमेरिकन तेक्वान्दो च्याम्पियनशीप (अरुबा) का तर्पबाट रजत पदक विजेता सतिश राईलाइ विशेष सम्मान गरिएको थियो । अन्य विभिन्न स्वयंसेवक तथा सहयोगीहरुलाइ समेत सम्मान पत्र वितरण गरिएको थियो । यसैगरी नेपाल किरात राई एसोसिएसन अफयुएसए का सभापति दुर्गा राईले शेर्पा किदुकले आयोजना गरेको भलिवलमा सहभागी हुनेहरु शैलेश श्रेष्ठ, महेन्द्र अधिकारी, नगेन्द्र इनाम, पर्खी राई लगायतका खेलाडीहरुलाइ प्रशंसा पत्र वितरण गर्नु भयो । यूवा गायक उत्तम राईलाइ सिर्जना सुब्बाले प्रशंसा पत्र वितरण गर्नु भएको थियो । उक्त कार्यक्रमको दोस्रो चरणमा ज्याक्सन हाइटस्थित रेडपिपर रेष्टुरेण्टमा स्वागत नाच पारहाङ सुम्निमाको गीतवाट शुरु भयो । यस गीति कार्यक्रममा युवा गायक उत्तम राई निकै चर्चित रहे ।

रेजिना राई र बिन्दु राईको नाच बाट शुरु भएको उक्त कार्यक्रममा गायकहरु प्रकाश गुरुङ, बिक्रम लिम्बु तथा भुपाल गुरुङले पप् गीत गायका थिए भने बालकलाकारहरु, डोमा शेर्पा, लमु शेर्पाको नाचले दर्शकहरुलाइ मन्त्रमुग्ध पारेको थियो । नेपाल किरांत राई एसोसिएसन अफयू एस ए का सभापति दूर्गा राईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सचांलनल नेपाल किरात राई एसोसिएसन अफयुएसए का महासचिव तथा ग्लोवल फेडरेसन अफइण्डिजिनियस पिप्लसका महासचिव नारद मणि राईले गर्नु भएको थियो भने स्वागत भाषण संस्थाका सल्लाहकार मकर राईले गर्नु भएको थियो र कार्यक्रम व्यवस्थापन संस्थाका सदस्य पर्खी राई तथा केशव राईले गर्नु भएको थियो । अन्तमा संस्थाका सभापति दुर्गा राईले आगन्तुक सम्पुर्ण महानुभावहरुलाइ धन्यवाद दिनु भयो भने लण्डन बाट सहयोग गर्ने संस्थापक उपाध्यक्ष कमल राईलाइ विशेष धन्यवाद दिनु भयो ।





# Diaspora


**To participate go to WWW.ANANYC.ORG**
**To volunteer (and receive great perks)**
**Contact:**
**Suman Shah:**
**suman.shah@sonybmg.com, 347-423-4678**

**Prabhav D. Shah:**
**pdshah@yahoo.com, 347-742-0958**


## Association of Nepalis in the Americas' (ANA) convention history in New York

This year's ANA convention holds the promise of being the grandest of them all. But it is certainly not the first to be organized by Nepali New Yorkers. In fact, the first Association of Nepalis in the Americas (ANA) convention was held between 2-4 July, 1983, at the Methodist Church in Corning, New York. A total of 104 people, both Nepalis and friends of Nepal, came from as far as California and Canada.

The 6th ANA convention, in 1988, was held in Long Island, New York. This year's events were also initially planned to be held there. The 10th ANA convention, in 1992, was held in Rochester, New York. And in 1996 the 14th ANA convention was jointly held in New York and New Jersey.

This year the 24th ANA convention, ANA-NYC 2006, is being held at the Sheraton Hotel in New Ark, New Jersey from 30 June to 4 July. The event is being organized by New York Nepali Youth Club ( NYNYC) with this publication, Nepali Aawaz, as its official media partner.

## Second *Aitabare Mela* held



On 4 June, Nepali Mandir hosted the second "Aitabare Mela!" . Various religious functions were performed in both the buddhist monastery and the hindu temple in the premises, after which a feast followed.

A select group of invited local Nepalis then congregated for a meeting on taking the newly established Nepali Mandir to the next level. Founder Chandra Prakash Sharma, also one of the publishers of this paper, was praised for his efforts. Binod Roka, Prabhat Rajbhandari, Anita Thapa, Raj Kapoor, Rajendra Shrestha, Sharoj Karki, Luna Ranjit, Ram Chandra Thapa, Bishnu Bashnet and Pema Lama have become the Mandir's interim committee members because of their they have been helping Nepali Mandir since it's establishment. Ananta Risal, Menaka Parajuli, Gopal Shrestha and Paramendra Bhagat were also nominated for the same.

The Aitabare Mela is organized by Nepali Mandir and Nepali Aawaz. Its main objective is to bring together Nepalis in the area for a regular casual occasion at least once a month.

Extensive audio clips and photos from the event can be found at the DFN blog "Demrepubnepal.blogspot.com"

Top: Members of the New York diaspora meet to form an interim committe for Nepali Mandir. Below: Buddhist monnks congregate at the "monastery" at Nepali Mandir every Sunday.







## Financial strength: Integrity: Humanity:

All this plus knowing that your future is protected by a Company that has helped Millions of families for generations. Isn't your family's future worth finding out more?

Don't wait join the millions of New York Life policy owners and let us help you enjoy the peace of mind life Insurance can bring. To learn more about New York Life's product, service and a free assessment of your financial status, call me. **Available on weekends.**



***Sonam (Tenzin) Lama, Agent***
*New York Life Insurance Company*
*Cell: (917)526 8270*
*Off: (516)327 2900 x5813*
*Email: Stlama@ft.newyorklife.com*
*Web: www.Newyorklife.com*

# Green card advisory for international students

**Binod Roka, Esq., Bashu Dev Phulara**

One of the most common questions that we are asked often in our law office by international students is, "whether and how they might qualify for a green card to remain in the U.S since they are international students"? This is absolutely a difficult question to respond. The added issue is that- whether they can remain in the U.S. legally for some period of time, if otherwise, a green card is not provided. In spite of that, there are a number of approaches to handle this Issue.

We would like to take a few moments that we share some of the legal issues on this matter. From the pinpoint, let's start with the fundamentals of Immigration Laws of the USA that apply to international students.

The two most frequent visas for the students at university levels in the USA are: F-1 for academic students and J-1 for exchange visitors. Both of these visa categories require a viewing of non-immigrant objective and the students need to go back to their home countries after accomplishment of their study goals. In general, therefore, having been admitted into any university, as an international student in the USA, has no inherent connection with getting a green card. It is also unrelated to those who have been studying in the USA for a long period of time.

Yet again, a student through different measures can obtain green card in the United States. Practically, an F-1 student is eligible for a year of "Optional Practical Training (OPT)" upon completion of his/her studies, without any job offer or letter from an employer. Therefore, a student can start by explaining to his/her potential employer that he/she has one year employment authorization which requires absolutely no work on their part. Equally important, J-1 students are allowed a period -18 months or more in some cases-of authorized work under academic training following completion of their studies.

Before expiry of the OPT period, however, the U.S. employer under a temporary work visa can file the petition on behalf of the graduate student for further employment. This would normally be an H-1B visa for the specialty occupations. An H-1b Visa holder can work in the U.S. A. for up to six years. J-1 students, however, may be subject to a condition that they go back to their domicile for a couple of years after their study.

Despite the above, H-1B visa may allow the ex-student to remain in the U.S.A. permanently. During this time, the most common way is to qualify for employment based green card under which one can get privilege of living and working for a significant period of time. Under employment based green card, a student can get this opportunity, once the USA based employer or company sponsors him/her for that.

Each year 140,000 applicants are awarded employment green card worldwide. Each country receives equal number of visas and or limited 7 percent of 140000 green cards- no matter how big or tiny country it is. In this category, Employers are required to show that there are no U.S. citizens available who are willing, qualified, and available for the job at the time of application for a visa. Thus, if one student simply meets this qualification, it will often open a new door to his/her future career.

> "Despite the above, H-1B visa may allow the ex-student to remain in the U.S.A. permanently. During this time, the most common way is to qualify for employment based green card under which one can get privilege of living and working for a significant period of time. Under employment based green card, a student can get this opportunity, once the USA based employer or company sponsors him/her for that.



EB-2 and EB-3 under employment based green cards are the most common categories for getting green to the students. The EB-2 category includes professionals with Advanced Degrees - a degree beyond bachelor's degree such as Master's Degree or Ph.D. or Bachelor's Degree plus five years of progressive experience- and persons with exceptional ability in science, art, education, business and athletics rather than who fall under extra-ordinary ability-EB-1.

The EB-3 category includes professional, skilled and other workers and may include: foreign nationals with Bachelor's Degree from the USA or foreign equivalent Degree that is required for the profession who otherwise do not qualify for the EB-1 or EB-2. It also denotes the skilled undergraduate foreign workers with a minimum two years of job experience or vocational training and certain unskilled workers.

The green card process begins with an application for a Labor Certification (LC) from the U.S. Department of Labor which allows the US employer to hire a foreign worker to work permanently. This is the first step in the green card process which helps to prove there are no american nationals who are able, willing, qualified and available to accept the job at the prevailing wage for that occupation in the area of intended employment and that employment of the alien would not adversely affect the labor market of the United States.

As of March 28, 2005, the U.S. Department of Labor required the implementation of new LC rules called PERM system. Under new rules the LC may be obtained within 45 days of time, if otherwise not happened. On the contrary, prior to the implementation of the new rules, approval on a LC would take several months or years. This is, therefore, the re-engineered & quickest ever permanent LC process. Among other requirements, the new rules require certain attempts at employment prior to the filing of the LC application.

Once LC is approved, the employer needs to file a petition -form I-140 with the USCIS to classify the worker as an immigrant. In addition to these procedures, effective as of July 31, 2002, I-485 along with "Employment Authorization" (EAD) and Advance Parole (AD) can be applied at the same time as applying for I-140, provided that the priority date is current. There is sixty days comment period but applicant can still file it immediately.

Due to narrow numbers of visas available for each particular employment-based immigrant category a year, a worker would have to wait until a visa number is available before he/she can finally adjust to permanent resident status, therefore.

Besides, it is also possible for a student to be eligible for the green card through a family based sponsorship. The easiest avenue is if one gets married with a US citizen. In such a case, the U.S. citizen/spouse has to file a petition on behalf of him/her using form I-130. At the same time, the student has to submit an adjustment of status application Form I-485. An application for the employment authorization can be submitted for the same.

There are other numerous immigrant categories i.e. political Asylum, refugee and diversity lottery etc. Applicants are therefore advised to see the U.S. Citizenship and Immigration Services website at HYPERLINK "http://www.uscis.gov/" www.uscis.gov for more information and procedures.

As of the last notes, many organizational reports would suggest that- international students are facing barriers to study and getting green card- identifying thus the need for a comprehensive strategy to enhance their ability to pursue the lasting opportunities in the States. Accordingly, the one of the keystones of the wide-ranging strategy is a proposal to amend immigration law by eliminating the unworkable intending immigrant test whereby all international students are required to prove that they do not intend to remain in the USA after completing their studies.

The market rumors follow thus: there are a couple of re-engineered proposals for international students and scholars under consideration in the Senate Judiciary Committee that would make significant changes to the US immigration law. The two would include: the Chairman Arlen Specter's (R-Pa.) proposal, also known as the Chairman's Mark and Senate Majority Leader Bill Frist's (R-Tenn.) bill (S. 2454). The Chairman's Mark has not yet been introduced, but it has been widely discussed within and outside of the Congress. Let's hope a comprehensive immigration law in this regard would come out and craft the luck of hundreds of thousands of US based international students in the days to come.

** This legal advisory has been printed as originally submitted by the authors.*

# Nation

## उपत्यकामा श्रृंखलावद्ध अपराध
### नियन्त्रण गर्न सेना र प्रहरी सकृय

**Bikash Lamsal**

उपत्यकामा श्रृंखलावद्ध रुपमा अपराधको घट्ना बढेपछि नियन्त्रणको लागि आन्तरिक सुरक्षा व्यवस्था मिलाउन सरकारले प्रहरीसगैं सेनालाई पनि उपत्यकामा परिचालन गरेको छ ।

राजधानीमा ७२ घण्टाभित्र हत्याको दुई र लुटपाटको तीन र एउटा लुटपाट प्रयासको घट्नापछि गृहमन्त्रि कृष्ण सिटौलाको निर्देशनमा आइतबार रातीदेखि प्रहरी र सेनाले विशेष चेकजाँच शुरु गरेको हो ।

युद्धविरामपछि वन्द भएको उपत्यकाको प्रवेश नाका र मुख्य शहरी इलाकाहरुमा फेरी सेनाले चेकजाँच र गस्ति शुरु गरेको छ भने प्रहरीले सक्रियता बढाउदै शंकास्पद व्यक्तिहरुलाई नियन्त्रणमा लिन थालेको छ। उपत्यकामा सशस्त्र र नेपाल प्रहरी गरेर १७ हजार प्रहरीले उपत्यकाको सुरक्षा हेर्ने भएपनि हाल सशस्त्र प्रहरीको ठाउमा सेनालाई ल्याइएको छ ।

राजनीतीक परिवर्तनसँगै असन्तुष्ट पक्षको घुसपैठमा राजनीतीक अस्थिरता ल्याउनलाई अपराधिक गतिविधिहरुमा तीव्रता आएको आशंका प्रहरीले गरेको छ। पेशेवर अपराधीसँगै राजनीतीक अस्थिरता मचाउनलाई असन्तुष्ट पक्षले लुट र हत्या मचाएको हुनसक्छ जिल्ला प्रहरी कार्यालय काठमाडौंका एक अनुसन्धान अधिकृतले भने अन्य मुलुकमा पनि राजनीतीक परिवर्तनसँगै असन्तुष्ट पक्षको घुसपैठमा राजनीतीक अस्थिरता ल्याउनलाई अपराधिक गतिविधि हुने गरेको छ। हाम्रोमा पनि त्यही भएको हुनसक्छ ।

बैशाख ११ मा संसदको पुनर्स्थापना घोषण भएपछि उपत्यकाभित्र दैनिक करिब लुटपाट, चोरी, सांघातिक आक्रमण गरेर आधा दर्जन घटनाहरु भैसकेको प्रहरी तथ्यांकमा उल्लेख छ। २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापना पछि केहि दिनसम्म चोरी, लुटपाट र हत्याका निकै घट्नाहरु भएका प्रहरी अधिकृतहरु बताउँछन् ।

सुरक्षास्थितिलाई नियन्त्रणमा राख्न आकस्मिक चेकजाँच र अपराधीलाई समाउन ठाउँ ठाउँमा सादा पोशाकका सुरक्षाकर्मिबाट घेरा हाल्ने काम भइरहेको जिल्ला प्रहरी कार्यालय काठमाडौंका प्रमुख प्रहरी उपरीक्षक इन्द्रप्रसाद न्यौपाने वताउनुहुन्छ ।

अराजकता मचाउन मौका छोपेर बसेका असन्तुष्ट पक्षको गतिविधिमाथि विशेष निगरानी राखिएको छ उहांले भन्नुभयो राजधानीको विभिन्न स्थलमा पक्राउ परेका व्यक्तिसँग सोधपुछ भइरहेकोले दोषी छिट्टै पता लगाई कारवाही गरिने छ ।

उपत्यका अपराध अनुसन्धान शाखाका प्रमुख प्रहरी उपरीक्षक दिपक रञ्जितले पनि घटित अपराधीक गतिविधिमाथिबाट विस्तारै पर्दा हटदै गइरहेको र कुनै पनि बेला अपराधी पक्राउ पर्न सक्ने बताउनुभयो ।

उपत्यकामा अज्ञात समूहले विराटनगर-१० का नेपाली काँग्रेसका कार्यकता श्रीश पोखरेलको शुक्रबार राती पुरानोबानेश्वरमा छाँती र घाँटिमा छुरा प्रहार गरि हत्या गरेका थिए। उक्त घट्नाको चौविस घण्टा नवित्दै सुकेधारामा शनिबार राती साढे नौ बजे पर्यटन व्यवसायी दा छिरिङ शेर्पाको ट्याक्सीभित्रै गोली हानी हत्या गरिएको थियो ।

त्यसपछि आइतबार दिउँसै मध्य काठमाडौंस्थित नेपाल बैंक लिमिटेडको क्षेत्रपाटि शाखाबाट सशस्त्र लुटेराले करिब ११ लाख रुपैयाँ लुटेका थिए। त्यही दिन ललितपुरको नव कान्तिपुर सहकारीमा लुटको असफल प्रयास भयो । ती घट्नाको चौविस घण्टा नवित्दै कमलपोखरीवाट डेढ लाख रुपैयाँ लुटिएको थियो ।

पोखरेलको हत्यामा संलग्न कसैलाई पनि प्रहरीले पक्राउ गर्न सकेको छैन । त्यसैगरि तिब्बतीयन शरणार्थी मृतक शेर्पासँगै यात्रा गर्ने फरार तीनमध्ये दुई जनालाई आइतबार राती प्रहरीले पक्राउ गरेपनि उनीहरुबाट ठोस सूचना प्राप्त हुन नसकेको अनुसन्धान अधिकृतहरुले जनाएका छन्। लुटपाटको घट्नामा संलग्न कुनै पनि शंकास्प्द व्यक्तिलाई पक्राउ गर्न नसकिएको प्रहरीले जनाएको छ ।

Rijal is the Crime Beat reporter at Nepal Samacharpatra.

## नेपाली जनताका आशा अल्झिएका छन्, सात दल र विद्रोही माओवादीमा, तर दल र माओवादीभित्र पुरानै समस्या बल्झिएका छन् ।

**Deepak Rijal**

जनता विश्वास नगरी रहन सक्दैनन् दल र माओवादीलाई, किनकि उनीहरुसँग यी दुईबाहेक विश्वासयोग्य तेस्रो शक्ति छैन र पूर्ण विश्वास गर्न पनि सक्दैनन, किनकि सरकार गठनमा देखिएका तीव्र विवाद र दल-माओवादीले एउटै एजेन्डा तय गर्न नसकेको पनि जनताले देखेका छन् ।

संसद्को पुनर्स्थापनाबाट जनता उत्साहित भइरहेकै बेला प्रतिनिधिसभाले आफुलाई सर्वाधिकार सम्पन्न घोषणा गर्दै राजाका अधिकारहरु कटौती गरिदिएपछि ५० वर्षदेखि राजा र जनताबीच देखिएको शक्ति संघर्षमा राजा पराजित बनेका छन् ।

घोषणाबाट सेनाको परमाधिपतिसम्बन्धी व्यवस्था खारेज (जसले सेनामाथिको राजाको नियन्त्रण समाप्त गर्छ, किनकि परमाधिपति राजा रहने व्यवस्था थियो) गरिदिएको छ । 'शाही नेपाली सेना' नेपाली सेनामा र 'श्री ५ को सरकार' नेपाल सरकारमा बदलिएका छन् । प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने, राजपरिषद् खारेज गर्ने, श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णयबमोजिम हुने, राष्ट्रिय गानको वैकल्पिक व्यवस्था हुने, राष्ट्रिय गानको वैकल्पिक व्यवस्था हुने, नेपाल धर्मनिरपेक्ष राज्य हुने, राजगद्दी उत्तराधिकार ऐन संसद्ले बनाउनेलगायत थुप्रै क्रान्तिकारी निर्णय भएका छन्, तर घोषणाको कार्यान्वयन गर्ने ताकत संसद् वा सरकारले देखाउन सकेन ।

जनआन्दोलन दबाउन युनिफाइड कमाण्डको नेतृत्व गरिरहेको सेनाको प्रधानसेनापतीलाई कारबाही गर्न नसकेको, राजगद्दी उत्तराधिकारी ऐन बारेमा संसद् मौन रहेको, दरबारको आन्तरिक सुरक्षामा थोरै पनि फेरबदल गर्न नसकेको, धर्मनिरपेक्षताको विरुद्धमा दरबारको आडमा बढेका प्रदर्शनमाथि कारबाही गर्न नसकेको घटनाले सरकारले घोषणालाई कार्यान्वयनमा पुऱ्याउन सक्दैन कि भन्ने आशङ्का उब्जाएको छ ।

दल र माओवादी दुवैमा पगरी गुथ्ने (क्रेडिट लिने) परम्पराले पनि समस्यालाई बल्झाएको छ, संसद्को सर्वोच्चता घोषणा वा स्थापित हुँदा हाम्रो अनुपदेश अवमूल्यन भयो वा हामीले जस पाउँदैनौं कि भन्ने त्रास माओवादीमा छ भने माओवादीसँग समन्वयन गर्दै जाँदा भोलि हामी नै विस्थापित हुन्छौं कि भन्ने त्रास दलहरुमा छ

माओवादीले युद्धविराम गरिदिएर वार्ताको क्रम शुरु हुँदा दातृ निकाय उत्साही भएर नेपाललाई सहयोग गर्न तत्पर भएका छन्, तर यो सहयोग त्यसबेला मात्रै सम्भव हुन्छ, जुनबेला दल (सरकार) माओवादी र राजामा विश्वासको वातावरण तयार हुन्छ । यदि यी शक्तिमा अविश्वासको वातावरण बढ्दै गएमा जनता पुन: हार्नेछन् ।

राजनीति तातिरहेकै बेला आप्पा शेर्पाले सगरमाथा सोह्रौं पटक आरोहण गरेर बनाएको कीर्तिमान ओझेलमा परेको छ, तर नेपाल ओझेलमा पर्छ वा उज्यालो भविष्यतिर लम्किन्छ भन्ने सरकार माओवादी वार्तामा निर्भर हुन्छ ।

पहिलो चरणको वार्ताले युद्धविराम आचार संहिता जारी गरेको छ, जुन सकारात्मक हो, तर आचारसंहिताको कार्यान्वयन नभएमा आरोप दुवैतर्फबाट चर्को रुपमा आएका छन् ।

सशस्त्र सेना परिचालन नगर्ने र नयाँ भर्ती नलिने, बन्द वा चक्काजाम नगरिने, शिक्षण, स्वास्थ्य संस्था औद्योगिक प्रतिष्ठानलाई बाधा नपुऱ्याउने, चन्दा र आर्थिक सहयोग नउठाउने, शान्ति प्रक्रियालाई असर पर्ने अभिव्यक्ति नदिनेलगायतका २५ बुँदे आचारसंहिता जारी भएका छन्, तर ती कागजमा सीमित भएजस्तो महसुस हुन्छ ।

वार्ता दोस्रो चरणमा प्रवेश नगर्दै प्रतिनिधिसभा कायम राख्ने र प्रतिनिधिसभा विघटन गरी सर्वपक्षीय भेला बोलाउने विषयमा दल र माओवादीबीचमा तीव्र मतभेद देखिएको छ वार्ताको हलो यदि अड्कने त होइन भन्ने प्रश्न पनि उत्तिकै उठेको छ ।

माओवादीका एजेनडाहरु विजयी भएको सत्य हो र उनीहरु यतिबेला अब गठन हुने अन्तरिम सरकारको बागडोर आरुनो हातमा लिने रणनीतिमा छन्,तर प्रतिनिधिसभा अस्तित्वमा रहेमा उनीहरु प्राविधिक रुपमा सत्ता प्रतिस्पर्धामा हार्ने छन, जसरी नेपाली कांग्रेसको महाधिवेशनमा नरहरि आचार्यका एजेन्डा विजयी भएर पनि गिरिजाप्रसाद कोइरालासँग हारेका थिए पखौं भविष्यलाई ।

Rijal is the Senior Assistant Editor at Nepal Samacharpatra.

## गिरिजाले भन्नुभयो – तिमी धेरै रक्सी नखाऊ है

वन तथा भूसंरक्षण राज्यमन्त्री गोपाल राई रक्सी बढी पिउने र त्यसपछि बद्मासी गर्न पनि अघि सर्ने स्वभावका भएकाले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई निकै चिन्तित बनाएछ। ५६ वर्षीय राईलाई सम्झाउँदै गिरिजाबाबुले भने -'अब चाहिँ जाँड नखाऊ है।' गिरिजाबाबुको भावुक आग्रहजन्य वाक्य मुखबाट फुस्कन नपाउँदै मन्त्रीपरिषद्मा हाँसोको फोहरा छुटेको समाचार स्रोतले जनाएको छ। त्यसो त राईको छोरोले जाँडरक्सी छोडीहाल्ला भनेर पत्याइहाल्न कहाँ सकिन्छ र ? तथापि प्रधानमन्त्रीको सचेततापृति भने मन्त्रीपरिषद्का सदस्यहरुले राम्रै टिप्पणी गरेका छन्

Source: Kavre Times / May 2006

LIC. #1108503 / 1108505
중앙종합건설 (주)
MYONG J. KIM
Joong Ang Construction INC.
136- 89 Roosevelt Ave., Flushing, NY11354
Tel: 718. 762. 4001
Fax: 718. 762. 5289
C.P: 646. 456. 0581
Plumbing, Electric
New Building
Store Fix
House Remodeling
Renovate Building

# Politics

## मेरो नेपाल अब कोर्नुपर्छ नयाँ नेपालको

Dambar Krishna Shrestha

विश्व मानचित्रमा सगरमाथा, गौतम बुद्ध र वीर गोर्खालीको देश भनेर चिनिने मेरो नेपाल विविध जाति, भाषा, संस्कृति, जैविक विविधताका दृष्टिकोणले धनी छ । त्यसमाथि हिमाल, पहाड र तराईको भू-बनोट र नदी नालाहरुले भौगोलिक विविधता थपेको छ ।

हुन त, ऋण्डै अढाई सय वर्षसम्म नेपाल कहिले श्री ५ र श्री ३ राजा, महाराजाहरुको कठपुतली बनिरह्‍यो । त्यसको परिणाम यस देशमा कहिल्यै पनि जनताको हितमा काम भएनन् जति भए त्यो पनि न्यून नै रहे । राणाहरुको जहानियाँ शासन होस् या तीस वर्षे पञ्चायत कालरात्रि यस देशको जातीय, भाषिक र धार्मिक विविधतालाई कसैले सही रूपमा सम्बोधन गरेनन्। २००७, २०१७, २०३६ सालका राजनैतिक उथलपुथल र २०४६ सालको जनआन्दोलनपछि पनि हुनुपर्ने जति विकास र सामाजिक उत्थानका काम भएनन् बरु गरीबीबाट पिल्सिएका धेरै जनता जनयुद्धको नारा लिएर बन्दुक समाउन पुगे । शान्तिका अग्रदुत गौतमबुद्धको जन्मभुमी अशान्तिको पर्याय बन्नपुग्यो । ऋण्डै १५ हजार नेपालीले ज्यान गुमाएको जनयुद्धबाट देश ऋनै जिर्ण बन्नपुग्यो । जनताको बलिदानबाट आएको प्रजातन्त्र पनि राजा ज्ञानेन्द्रले १८ असोज २०५९ बाट खोसेर देशमा निरंकुशता लादे । तर, अहिले देशले कोल्टे फेरेको छ । २०६२-२०६३ सालको जनआन्दोलनले नेपालको इतिहासमा नयाँ परिवर्तनका रेखा कोरेको छ । श्री ५ को सरकारबाट नेपाल सरकार, शाही नेपाली सेनाबाट नेपाली सेना अनि धर्म निरपेक्ष राज्य घोषणा भएको छ । लोकतन्त्र स्थापनासँगै देश अब नयाँ नेपालको दिशामा अघि बढेको छ । बन्दुक बोकेर जंगल छिरेका नेपालीहरु पनि हतियार बिसाएर शान्ति स्थापनाका लागि वार्ताबाट समस्याको समाधान खोज्न अघि बढेका छन् । परिवर्तनको यो लामो शृङ्खलाले नेपाललाई अब साँच्चिकै सही दिशातर्फ बढाउने आशा जागेको छ ।

दुईसय वर्षअघि गोरखाली राजा पृथ्वीनारायण शाहले लडाइँमा जितेर राजनीतिक रूपमा एकीकृत गरेको नेपाललाई उनैले "चार जात छत्तीस वर्णको साझा फुलबारी" को रूपमा छाडेर गएका थिए । धेरै जात-जाति, भाषा-संस्कार भए पनि यो देशमा वर्षौदेखि एकै माला उनीएर सारा नेपालीहरु रहेका छन् । तर, बहुभाषिक, बहुजातीय तथा विविध जनजातिहरु भएको हाम्रो समाजको व्यवस्थापन पर्याप्त हुन नसक्दा सबै जात-जातिले समानुपातिक रुपमा फुल्ने, फल्ने अवसर पाइरहेका छैनन् । सबै जाति मिलेर सामुहिक रुपमा यसको गोडमेल गर्न अऋै बाँकी छ । नेपाल सानो मुलुक भए पनि यहाँ जतिको जातीय, भाषिक र साँस्कृतिक विविधता अरुतिर विरलै पाइन्छन् । पहाडी, मधेशी र हिमाली जातीय भिन्नताको अनुपम मिश्रण यहाँ पाइन्छ । बाह्रै महिना जाडो, न्यानो र गर्मी सबै प्रकारका हावापानी पाइने भएकाले लेक र वेसीका बासिन्दाहरु प्राकृतिक रुपमा नै एक-अर्काका लागि सहयोगी छन् । दक्षिण एसियाका जनजाति सम्मिश्रणको राम्रो उदाहरणको रुपमा रहेको छ नेपाल । त्यसैले पनि भूगर्वशास्त्री टोनी हागनको ठम्याईमा नेपाललाई "एशियाको जातीय संग्रहालय" भन्न सुहाउँछ ।

पौने तीन करोड नेपालीको साझा आँगन नेपाल विश्वको अग्लो हिम शृङ्खलाको काखमा पर्छ । ४५ हजार वर्गमाइल क्षेत्रफलमा रहेको यो देशको उत्तर-दक्षिण चौडाइ १५० देखि २०० माइल र पूर्व-पश्चिम लम्बाई ५०० माइल रहेको छ । उत्तरमा चीन, पूर्व, पश्चिम र दक्षिणमा भारत रहेको हाम्रो देशलाई पृथ्वीनारायण शाहले "दुई ढुङ्गा बीचको तरुल" भनेका थिए । दुई देशको चेपमा रहेर पनि नेपालको आफ्नै पहिचान छ आफ्नै मौलिकता छ, आफ्नै शान र पहिचान छ । मनोरम हिम शृङ्खला, पवित्र नदीहरु र रमणीय सौन्दर्य रहेको यो ठाँउमा संसारभरिका पर्यटकहरु आउने गर्छन् । नेपालीहरुको आत्मियता र पर्यटकलाई पाहुना मान्ने संस्कारले गर्दा पनि नेपाल घुम्न आउने विदेशीहरुलाई आकर्षित गर्ने गरेको छ । प्राकृतिक साधनले धनी देश हो नेपाल तर पनि अऋै यसको पर्याप्त सदुपयोग हुन सकेको छैन । नदीहरुबाट बिजुलीबत्तीको उत्पादन र प्राकृतिक स्रोतहरुको परिचालन गर्न सके हाम्रो देश अहिलेभन्दा निकै धनी र सम्पन्न बन्नसक्छ ।

हामी नेपाली वीर र स्वाभिमानी जातिका रुपमा संसारभर चिनिन्छौं । राणाहरुले आफ्नो स्वाधीनतालाई जोगाउन ब्रिटिश-भारतसित राम्रो सम्बन्ध बनाउन सन् १८५७ को भारतीय बिद्रोह दबाउन फौज नै पठाएका थिए । पछि आफ्नै स्वार्थ पूरा गर्न पहिलो विश्वयुद्धमा (१९१४-१८) गोर्खा भर्ती नै सुरु गरे । ब्रिटिश साम्राज्यका लागि नेपालीले बगाएको रगतकै कारण आज गोरखालीको विरता विश्वभर छाए पनि पहिलो र दोस्रो विश्वयुद्धमा धेरै नेपालीले ज्यानको आहुती दिए । देशका युवा जनशक्ति विदेशी सेनामा भाडाका सिपाहीको रुपमा पठाउने सरकारले कहिल्यै पनि उनीहरुको रगत र पसिनाको मूल्य भने खोजेनन् । फलस्वरुप अऋै पनि सयौं वीर योद्धाहरु कष्टपूर्ण जीवन बिताउन बाध्य छन् ।

तथ्याङ विभागको पछिल्लो तथ्याङ्क अनुसार गत वर्षको (२०६२) प्रति ब्यक्ति आय २ सय ९७ डलर छ, जुन विश्वको निम्न आयमध्ये पर्छ । अधिकांश नेपालीहरु नेपालीहरु गरिबीको रेखामुनी रहेकाले गरिबी नै देशको प्रमुक समस्याको रुपमा रहेको छ । धनी र गरिबहरु बीच ठुलो खाडल रहेकाले पनि समानुपातिक अर्थ प्रणली नहुदा गरिब ऋनै गरिब र धनी अऋ धनी बन्ने गरेकाछन् । त्यसैले पनि गरिबी निवारण र आयमुलक कार्यमा सबै जुट्न आवश्यक छ । हुन त पछिल्ला केहि वर्षहरुमा बैदेशिक रोजगारका कारण धेरैको जीवनशैलीमा सुधार आईरहेकाछन् । देशको अर्थतन्त्र नै नेपालीले बिदेशमा कमाएको पैसाले धानीरहेको छ तर देश भित्रै रोजगारका अवसरहरु सृजना गर्नसके यहि पनि गर्ने धेरै ठाँउ नभएका हैनन् । नेपालीहरु कम साक्षर भएकाले पनि देशको प्रगती हुन सकेको छैनन् । ऋण्डै ६० प्रतिशत नेपाली अऋै पनि निरक्षर हुनुले पनि समाज अऋै अध्यारोमै छ ।

पृथ्वीनारायण शाह र उनीपछिका सबै शासकले हिन्दू राजाको निर्विवाद शासनाधिकार र शक्ति, राष्ट्रिय जीवनमा हिन्दू परम्परा र मूल्यहरुको सर्वोच्चता स्थापित गराए । जातीय विभाजनमा आधारित हिन्दू सामाजिक व्यवस्थाका माध्यमबाट सामाजिक एकीकरण र सरकारी, प्रशासनिक कामकाज र पछि आएर शिक्षामा नेपाली भाषाको प्रचलन र मान्यता स्थापित गराए । तर समयक्रमसँगै २०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातन्त्रपछि बनेको २०४७ सालको संविधानले राष्ट्रिय एकीकरणको पुरानो ऐतिहासिक ढाँचालाई समाप्त पारेको थियो । यो संविधानले स्पष्ट रुपमा नेपालको साँस्कृतिक बहुलवादलाई स्वीकारेको छ र प्रत्येक सामाजिक समूहले आफ्नो भाषा लिपी र संस्कृतिको जगेर्ना र विकास गर्न पाउने ग्यारेन्टी प्रदान गरेको छ । तर अहिले २०६२-०६३ सालको जनआन्दोलनपछि पुनर्स्थापना भएको प्रतिनिधिसभाले हिन्दू राष्ट्रको एक्लो सर्वोच्चता तोड्दै नेपाललाई धर्म निरपेक्ष घोषणा गरेको छ । शासन शत्ता जनताको हातमा सुम्पेको छ । त्यस्तै २०४७ सालको संविधानलाई अपर्याप्त मान्दै नयाँ संविधान निर्माणको दिशातर्फ नेपाल अघि बढेको छ । अबको नयाँ नेपाल साँच्चिकै सबैको साझा फुलबारी बन्नेछ भन्ने आशा र बिश्वास छ जहा जातिय भेदभाव, असमानतासँगै अशिक्षा, गरिबी र असमानताले कुनै ठाँउ पाउनेछैन । रोग, भोक र अशिक्षाले पिल्सीएको समाजको समग्र विकासका लागी नयाँ नेपालको खाका कोर्न ढिलाई भईसकेको छ ।

## राजधानीमा माओवादीको जन प्रर्दशन "देशले प्रचण्डको नेतृत्व चाहेको छ" - महरा

भुमीगत संघर्ष सुरु गरेको ११ वर्ष पछि पहिलो पटक नेकपा (माओवादी)ले राजधानीमा १९ जेठमा बिशाल जन प्रर्दशन गरेको छ । केन्द्रिय बिशेष कमाण्डद्धारा आयोजीत सो सभामा माओवादी नेताहरुले अविलम्ब संविधानसभा निर्वाचनको माग गरेका थिए ।

सभामा माओवादीका प्रवक्ता एम वार्ता टोलीका संयोजक कृष्णबहादुर महराले संविधानसभाको निर्वाचन नहुञ्जेल संघर्ष जारी रहने बताए । उनले निरंकुश राजतन्त्र पछाडी हटेको तर पराजीत भई नसकेको बताए । अब हुने वार्ता संविधानसभा निर्वाचनको एउटै कार्यसुचीमा केन्द्रित हुने बताउदै महराले भने "राष्ट्रले प्रचण्डको नेतृत्व चाहेको छ र जनता त्यो हेर्न आतु छन् ।" माओवादी सेनाका डेपुटी कमाण्डर प्रभाकर शान्तिपुर्ण ढंगबाटै सबै दरबार कब्जा गरिने बताए । उनले वार्ता भाँडन तल्लीन सरकारी सुरक्षा प्रमुखहरुले प्रधानमन्त्री र गृहमन्त्रीको आदेश पालना गर्दैनन भने जनमुक्ती सेना जस्तो सुकै आदेशको पालना गर्न पनि तयार रहेको उल्लेख गरे । वार्ता टोली सदस्य दिनानाथ शर्माले भने "प्रचण्ड राष्ट्रपति हुनुपर्छ, जनताको चाहना त्यही छ ।"

सभाका वक्ताहरुले प्रचण्डको प्रशंसा गर्दै अबको सभामा प्रचण्डले सैनिक मञ्चबाट जनतालाई सम्बोधन गर्ने बताएका थिए । १९ जेठमा राजधानी काठमाडौंमा आयोजना गरेको सो आमसभामा करिब २ लाखको सहभागिता रहेको थियो । सभामा मेचि देखि महाकाली अञ्चलबाट पनि सयौं बसमा मान्छेहरु ल्याईएको थियो ।

रत्नपार्कको खुलामञ्चमा नअँटाएका मान्छेहरु छेउको सैनिक मञ्चमा पसेका थिए । तर त्यहाँ तैनाथ सैनिक र प्रहरी जवानहरुले कुनै हस्तक्षेप गरेनन् । बिभिन्न पर्वहरुमा राजदम्पति सवारी हुने र सलामी लिने सैनिक मञ्च पुरै माओवादी कार्यकर्ताहरुले नियन्त्रणमा लिएपछि सुरक्षाकर्मीहरु त्यसको तल रहेको कोठामा सरेका थिए ।

केहीले त्यहाँ तोडफोड गर्न लागेपछि माओवादीका स्वयंसेवकहरुले भिजिलान्ते भन्दै उनिहरुलाई कुटपिट गर्दै नियन्त्रणमा लिएका छन् । खुलामञ्चमा शान्तिपूर्ण सभा भइरहँदा छेउको सैनिक मञ्चमा तनाव उत्पन्न हुन थालेपछि सभास्थलमा रहेका विशेष केन्द्रीय कमाण्डका इन्चार्ज तथा माओवादी सेनाका डेपुटी कमाण्डर अनन्तले बाकीटकीबाट मञ्च खालि गर्न आदेश दिएका थिए । तत्काल डिभिजन कमाण्डर विविध गई मञ्चबाट सबैलाई ओरालेका थिए । त्यसपछि माओवादी स्वयंसेवकले सैनिक मञ्च घेराहाली कसैलाई पनि मञ्चमा चढ्न दिएनन् ।

रत्नपार्क वरिपरिको पुरै क्षेत्र मान्छेले ढाकिएको थियो । रातो टिसर्ट लगायका माओवादी स्वयंसेवकहरु गाडीमा बसेर दरवारमार्ग, कान्तपथ, पुतली सडक, लगायतका क्षेत्रमा घुमेका देखिन्थे । राजदरवारको वरिपरी सैनिक सुरक्षा बढाइएको थियो ।

सभामा प्रवक्ता तथा माओवादी वार्ता टोलीका संयोजक कृष्णबहादुर महरा, माओवादी सेनाका डेपुटी कमाण्डर प्रभाकर, अग्नि सापकोटा लगायतका नेताहरुले सम्बोधन गरेका थिए । सभामा वार्ता टोली सदस्यहरु देव गुरुङ र दिनानाथ शर्मा लगायतका अन्य जनवर्गिय संगठनका प्रमुख पनि थिए ।

# Politics







(Above and right) Krishna Bahadur Mahara adresses a crowd of an estimated 200,000 from a podium, adroned with a banner with the face of the party's Chairman Prachanda, at Khula Manch in Kathmandu. He is heading the Maoist team currently negotiating with the government. (Below, left to right)) Maoist commanders Prabhakar, Hisila Yami, Dinanatha Sharma and Dev Gurung on stage. (Bottom left) Winesses reported hundreds of buses full of Maoist cadres entering the valley in the morning for this event. (Bottom right). People, many of whom were hoping to see and hear from the party's chairman Prachanda and second in command Baburam, were curious about the event. Many residents of Kathmandu had feared the event would turn violent, but Maoist cadres were seen working with or singlehandedly managign the crowd and the peaceful event. All photos: Dambar Krishna Shrestha







# Entertainment

## Interview with *Nepathya*





Top: Nepathya performs at the World Village festival in Helsinki, Finland Left: Amrit Gurung of Nepathya meets with Mrs. Tarja Halonen, president of Finland. Photos: Nepa-laya

On 28 May, Nepal's folk-rock group Nepathya performed a 45-minute set at the World Village Festival in Helsinki, Finland, as one of the event's headliners. Nepali Aawaz caught up with the band's front man Amrit Guring and manager Kiran Shrestha to talk about music, movies and politics. [Ed: All answers are by Amrit unless other wise mentioned.

***How did Nepathya come about in getting a major slot at this festival in Finland?***

It has been a long process and a lot of correspondence. KEPA – Finnish Organisation of Development Cooperation – organises this Annual event – called the world village festival. It was a collaborated reasoning. The political importance of Nepal during the recent times, Finnish Nepal Friendship Association's effort and Nepathya's work for peace and democracy in Nepal.

Let me quote this statement - "The main reason behind selecting Nepathya for particiation at this festival is, Nepathya's work realted to advocating peace and democracy in Nepal during the past years." says Pasi Rajander the Chairman of Finnish-Nepal Friendship Association – the host organisation and coordinator of this trip. He adds "Nepali community in Finland have had a long wish to hear Nepathya playing. Nepathya's music represents 'home' (Nepal). This has been a wish come true for all of us."

***Nepathya performed in Europe last year too, but i'm sure this experience was quite something else. How was it?***

Last year it was a small event – this time it is bigger and of more importance. This was a big festival and I am glad we now have an experince of how festivals happen. Performing Rock music to the country which has just won the Eurovision (Lordi) was a challenge. But I am glad people identified the folk and ethnic ingredients of our folk-rock songs. They enjoyed the rythm and danced with us. I did have confidence our music would run well amongst international audience. This experinec has proved my confidence. Our show was the 2nd last event of the festival, and ours was amongst the largest in terms of audience gathering. (see photo)

***Where is Nepathya headed next, more international tours or back home?***

We have been more Nepal based from the very biginning. From Finland we head back. We need to start working for a new album. We still ahve two shows pending under of Nepathya for all series. Kiran and me – we are scheduled to be off to a Nepal tour to identify places for our 3rd edition of Education for Peace Tour, which wis scheduled to happen duirng October – November of this year. 2 years back we toured 15 places in the country. We now plan for more places if not the same.

